# बन्दीपुर गाउँपालिका
## तनहुँ

गाउँपालिकाका अध्यक्ष श्री पुर्ण सिंह थापा ज्युबाट
सातौं गाउँसभामा प्रस्तुत गरिएको

# नीति तथा कार्यक्रम २०७७

२०७७ असार २४ गते

यस सम्मानित सातौं गाउँसभाका सदस्यज्यूहरू,

- मानव सभ्यता तथा मानव जातिलाईनै चपेटामा पारी विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) संक्रमणसंग बन्दीपुर गाउँपालिका जुधिरहेको विषम परिस्थितिमा यस गाउँपालिकाको सातै गाउँसभामा आर्थिक बर्ष २०७७/७८ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु। यस नीति तथा कार्यक्रम मार्फत कोभिड-१९ बाट शिथिल बनेको अर्थतन्त्रलाई गतिशिल एवं चलायमान बनाउने साथै बन्दीपुरवासी आमाबुबा, दाजुभाई तथा दिदिबहिनी सबैको जीवन रक्षा गर्ने मुल लक्ष लिएकोछु।
- नेपालको शासन व्यवस्थामा युगान्तकारी परिवर्तन ल्याउन तथा वर्तमान संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न सबै खालका आन्दोलन एवं संघर्षका क्रममा शहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै परिवर्तनको लागि नेतृत्वदायी भूमिका खेल्ने अग्रजहरुप्रति साथै महत्वपूर्ण भूमिका खेल्ने सवैप्रति उच्च सम्मान प्रकट गर्दछू।
- कोभिड-१९ बाट स्वदेश तथा विदेशमा संक्रमित हुनुभएका सबै नेपालीहरुमा शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु साथै ज्यान गुमाउनुभएका सम्पूर्ण नेपालीहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु।
- कोभिड १९ महामारीबाट बच्न नेपाल सरकारले लागु गरेको लकडाउनको पूर्ण परिपालना गर्नुभएकोमा सबै बन्दीपुर गाउँपालिका बासीहरुमा धन्यबाद ज्ञापन गर्दछु साथै महामारी संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारमा अग्रपंत्तिमा अहोरात्र खटिनु भएका जनप्रतिनिधि, राजनीतिक दल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, संञ्चारकर्मी, उद्योगी व्यवसायी तथा नागरिक समाज साथै कोभिड १९ उपचार कोषमा स्वच्छिक रुपमा योगदान गर्नुहुने सबै महानुभाव एवं संघ संस्थाप्रति आभार प्रकट गर्दछु।

सम्मानित गउँसभाका सदस्यहरु,
अब म यस गाउँपालिकाले आगामी आ.ब.२०७७।०७८ मा अवलम्बन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

## पर्यटन, कृषि, शिक्षा ,स्वास्थ्य, सहकारी र पूर्वाधार, समृद्ध बन्दीपुर गाउँपालिका निर्माणको मुल आधार

भन्ने मूल नाराका साथ गाउँपालिकाको समृद्दि तर्फको यात्रालाई अगाडि बढाउने मूल नीति अवलम्बन गरिएको छ। अब म आ.ब.२०७७।७८ मा यस गाउँपालिकाले अवलम्बन गर्ने क्षेत्रगत नीतिहरू संक्षिप्तमा राख्न चाहान्छु।

**मुख्य कार्यक्रमहरु**

- गाउँ प्रमुखसंग रोजगार कार्यक्रम
- बाँजो भुमिमा खेतिको लागि अनुदान कार्यक्रम
- उपाध्यक्षसंग महिला शिप विकास तथा क्षमता अभिबृद्धि कार्यक्रम
- अध्यक्षसंग बालबालिका कार्यक्रम
- एकहल गोरु १ थान हलो अनुदान कार्यक्रम
- विपन्न गर्भवती महिला पोषण कार्यक्रम
- श्रम बैंक स्थापना
- रोजगार कोषको स्थापना
- आफ्नै पानी आफ्नै लगानी अन्तर्गत अति विपन्न परिवारलाई ईण्डक्सन चुलो वितरण कार्यक्रम
- १ लिटर दुघ उत्पादनमा १ रुपैयाँ अनुदान कार्यक्रम
- मिनि म्याराथन तथा साईक्लिङ प्रतियोगिता

- बन्दिपुर पर्यटन भ्रमण वर्ष २०७८
- विद्यालय दिवा खाजा कार्यक्रम
- खरको छाना विस्थान कार्यक्रम
- गाउँपालिकाको केन्द्रदेखि सबै वडा कार्यालयहरुसम्म कालोपत्रे कार्यक्रम
- कोरोना (कोभिड-१९) कहर रोकथाम कार्यक्रम
- सिसाको भ्युटावर( स्काईवाक) निर्माण कार्यक्रम
- मणि मुकुन्दसेन पर्खाल (मिनि ग्रेटवाल) निर्माण सम्पन्न
- साईकल लेन सम्पन्न गर्ने
- जनप्रतिनिधि पार्क सम्पन्न गर्ने
- सामुदायिक विद्यालयमा स्कुल बस कार्यक्रम

# (क) आर्थिक विकास

## कृषि तथा सिंचाई

- निर्वाहमुखी कृषी प्रणालीलाई व्यवसायिक कृषितर्फ उन्मुख गर्दै व्यवसायिक कृषीलाई बजारको प्रतिस्पर्धी हुन एवं विषादीरहित ( प्राङ्गारिक अर्थात अर्गानिक), र गुणस्तरीय उत्पादनका लागि कृषिका सवै सरोकारवालाहरु ( उत्पादक, प्रशोधनकर्ता र व्यापारी) को माग र आवस्यकता अनुसार उपलब्ध स्रोतको आधारमा सहजीकरण गर्ने नीतिलाई निरन्तरता दिईने छ।
- बन्दिपुर गाउँपालिकालाई अर्गानिक उन्मुख गाउँपालिका बनाउने नीति लिईनेछ। गाउँपालिका क्षेत्रका होमस्टे एवं होटलहरुलाई अर्गानिक उत्पादनसंग जोड्ने नीतिलाई निरन्तरता दिईने छ।
- कृषि उत्पादकत्त्व वृद्धि गर्न निश्चित अवधिका लागि भिन्न एवं जोखिममा परेका कृषकहरु तथा त्यस्ता सेवा नपुगेका गाउँ क्षेत्रलाई लक्षित गरी साना सिंचाई आयोजनाहरुलाई विशेष प्राथमिकताका साथ अगाडी बढाउने नीतिलाई निरन्तरता दिईने छ।
- बन्दिपुर गाउँपालिकाको विभिन्न क्षेत्रलाई निश्चित गते र बारहरुमा सब्जी मण्डी, थोक, बजार, हाटबजार, तरकारी वा अन्य कृषि उत्पादन संकलन केन्द्रका रुपमा विकास गरी कृषी बजारलाई प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिईने छ।
- कोल्ड स्टोरहरुको स्थापना गरी उत्पादित कृषी उपजको समुचित भण्डारणको व्यवस्था गरिनेछ।
- युवाहरुको विदेश पलायन हुने सोंचलाई निरुत्साहित गरी नमुनाको रुपमा कम्तिमा १ वार्ड ५ व्यवसायिक कृषक उत्पादन गरी कृषि क्षेत्रका विभिन्न व्यवसाय गर्न प्रोहोत्सान गर्ने नीतिलाई वढवा दिईने छ।
- मौरिपालन, उन्नत तरकारीको वीउ, ड्रागन फ्रुट, सुनकागती, एभोकाडो, किवी जस्ता नयाँ जातका फलफुल(आँप, लिचि)को विरुवा सहितका स्थानीय जातका फलफुलका विरुवा। प्लाष्टिक टनेल, प्लाष्टिक पोखरी, माछाको भुरा, आधुनिक कृषी औजार तथा उपकरण आदिमा निश्चित प्रतिशत अनुदान दिई पौरखी किसान, कृषक समुहलाई प्रोत्साहन गर्ने नीतिलाई वृहत रुपमा वढवा दिईने छ।
- भकारो तथा गोठ सुधार कार्यक्रम सञ्चालन गरी कृषी उत्पादनमा वृद्धि गर्ने नीतिलाई निरन्तरता दिईने छ।
- व्यवसायिक कृषकहरुले कृषी क्षेत्रमा गरेको उपलब्धिलाई मापन गरी प्रतिस्पर्धाका आधारमा पुरस्कार गर्ने नीतिलाई निरन्तरता दिईने छ।
- लोप हुन लागेका स्थानीय रैथाने जातका बीउ बीजनहरुको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिईने छ।
- कृषि विमाका सम्बन्धमा अभिमुखिकरण गरी कृषि विमाप्रति प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिईने छ।

- एक गाउँ एक उत्पादनको नीतिलाई अगाडी वढाईने छ।
- सिँचाई योग्य फाँटहरू तथा कृषि पकेट क्षेत्रको पहिचान गरी सो क्षेत्रमा विभिन्न परम्परागत र आधुनिक प्रविधिको माध्यमबाट खेर गएको पानी र जमिनको उपयोग गरी कृषि उत्पादनमा बृद्दि गर्ने नीति लिइनेछ ।
- गाउँपालिकामा भूमी बैंक स्थापना गरी खेर गएको जमिनलाई उपयोग गर्ने नीति लिइनेछ ।
- गाउँपालिकामा एग्रो टुरिजमलाई प्रवर्द्धन गर्ने नीति लिईने छ।
- बायोचर प्रविधिबाट प्राङगारिक मल तयार गरी कृषि उत्पादन वृद्धि गर्ने नीति लिईनेछ।
- कृषिको उत्पादन र उत्पादकत्व बढाउनको लागि आवश्यक एवं सम्भाव्य क्षेत्रमा चक्लाबन्दी गरि खेती गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- बाँझो जग्गालाई कृषि उत्पादनमा उपयोग गरी कृषि उत्पादन वृद्धि गर्ने नीति लिईनेछ।
- उत्पादक र उपभोक्ता बिचको मद्यस्थकर्ता व्यवस्थापन, प्रतिस्पर्धि व्याजदर तथा ढुवानी लागत, श्रम कानूनको परिपालना, उत्पादन अवरोध न्यूनीकरण र आवश्यक पूर्वाधारको व्यवस्था गरी उत्पादन लागत कम गरिनेछ।
- व्यवसायिक, सामुहिक र सहकारी खेतिमा युवाहरुलाई प्रोत्साहित गर्ने नीति लिईनेछ।
- कृषकहरुलाई समयमै उन्नत विउ, मल तथा कृषि प्रसार सेवा उपलब्ध गराईनेछ। स्थानीय मौलिक ज्ञान र प्रविधिको संरक्षण र संवर्द्धन गरिनेछ। अर्गानीक खेती प्रवर्द्धन गरिनेछ।
- सहकारी क्षेत्रलाई अर्थतन्त्रको महत्वपूर्ण स्तम्भको रुपमा विकास गरिनेछ। सहकारीलाई उद्यमशीलता, विकास र कृषिको आधुनिकिकरणमा परिचालन गरिनेछ। सहकारी संस्थाको नेतृत्वमा कृषि उत्पादन तथा वजारीकरणका कार्यक्रम संञ्चालन गरिनेछ।
- चक्लाबन्दि कार्यक्रम लागु गरिने छ।

## पशु सेवा विकास

- दुध, मासु र अण्डामा आत्मनिर्भर बनी निर्यात गर्ने नीतिलाई निरन्तरता दिईने छ।
- सहकारीमा आवद्ध किसानहरुलाई सहकारी मार्फत प्रति लिटर दुध उत्पादनमा १ रुपैयाँ अनुदान दिईने नीतिलाई निरन्तरता दिईने छ।
- दुध चिस्यान केन्द्रहरुको स्थापना गरी स्थानीय कृषकहरुबाट उत्पादित दुधलाई चिस्यान केन्द्र मार्फत बजारमा सहज पहुँच पुऱ्याउने नीतिलाई निरन्तरता दिईने छ।
- गाउँपालिका हराभराको मुल नीतिलाई निरन्तरता दिईने छ।
- पशुपालनका क्षेत्रमा पशुसेवा प्रसारका कार्यक्रम, समुह समितिहरु गठन र कार्यक्रममा आवद्धता, तालीम, गोष्ठी जस्ता सचेतनामुलक कार्यक्रम संचालन गरि समुहगत रुपमा र ब्यबसायिक फार्महरुलाई विभिन्न किसिमका अनुदानका कार्यक्रम मार्फत किसानहरुको प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिईने छ।
- कृत्रिम गर्भाधान मार्फत नश्ल सुधार गरी दुध तथा मासु उत्पादनमा बृद्धि गर्ने नीतिलाई निरन्तरता दिईने छ।
- पशु विमा सम्बन्धमा अभिमुखिकरण गरि पशु विमा प्रति प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिईने छ।
- १ हल गोरु १ थान हलो अनुदान कार्यक्रमको नीति लिईने छ।

## उद्योग/वाणिज्य/आपुर्ती

- उद्यमशितला विकास एवं आयमुलक रोजगारी अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरी महिला, दलित, आदिवासी/जनजाती र विपन्न समुदाय एवं पछाडि परेका जनसमुदायलाई लघु उद्यम कार्यक्रममा सहभागी गराउने नीतिलाई निरन्तरता दिईने छ।

- लक्षित समुदायमा आय आर्जनका कार्यक्रमहरु सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईने छ।
- गुणस्तरहीन एवं म्याद नाघेका बस्तुहरुको विक्री वितरणलाई रोक्न प्रभावकारी कदमलाई निरन्तरता दिईने छ।
- एकाधिकार र कृत्रिम अभवको स्थिति रहन नदिन प्रभावकारी नियमन तथथ अनुगमनलाई थप कडाईका साथ लागु गरिने छ।
- वेरोजगार युवालाई लक्षित गरी स्थानीय साध स्रोत उपयोग हुने गरी उद्योग कलकारखाना खोल्न प्रोत्साहन गरि वन तथा वनस्पति जन्य उद्योगहरुको स्थपना गरी आय आर्जनमा वढबा दिईने छ।

## पर्यटन/संस्कृति

- कोरोना भाइरस संक्रमण जोखिमको कारण समृद्ध बन्दीपुरको मेरुदण्डको रुपमा रहेको पर्यटन क्षेत्रमा परेको नकारात्मक प्रभावलाई मध्यनजर गर्दै उक्त क्षेत्रलाई कोरोना महामारिको जोखिम नियन्त्रन हुनासाथ शीघ्र पुनरुत्थान गर्न विशेष पहल तथा सुविधाको व्यवस्था गरिनेछ।
- बन्दिपुर गाउँपालिकाले गाउँपालिकाको विकासमा पर्यटन क्षेत्रलाई महत्वका साथ प्राथमिकतामा राखी धार्मिक, साँस्कृतिक, प्राकृतिक एवं ऐतिहासिक स्थलहरु देवालय, शिवालय, गुम्बाहरुको पहिचान, संरक्षण र संवर्दन गर्ने नीति लिईनेछ ।
- टुडिखेल, सिद्द गुफा,खड्गदेवी,थानीमाइ, तीनधारे, मुकुन्देश्वरी गढी,चन्द्रकोट गढी, हुस्लाङकोट गढी, विन्दबासिनी,भुकभुके बराह, बौद्द शाक्य मुनी गुम्बा ढुङे बिहार, पातलीद्वार गुफा, पहारपानी, रामकोट होमस्टे लगायत कोरीखा, डाँडाछापआँगाटारी, धरमपानी, अशौबोटे, बन्दिपुर सामुदायि होमस्टे, मोहोरिया होमस्टे, विन्दबासिनी, भैसेखार, विमलनगर, बन्दिपुर बजारभित्र रहेका सबै होमस्टेहरू, चुन पहरा रक क्लाइविङ, भुत्यारह, सन्तानेश्वर महादेव, वागेश्वरी, सिद्धथान, शहिद पार्क, सहिद स्मारक, रानीबन तथा अन्य संभाव्य क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा थप विकास र प्रचारप्रसार गरिने छ।
- सम्भावित सहासिक पर्यटकीय एवं सास्कृतिक क्षेत्रहरुको पहिचान र  विकास गरी दिगो आर्थिक विकास र रोजगारीको सृजना गर्ने नीतिलाई थप प्रभाकारी बनाई लगिने छ।
- पर्यटकीय, ऐतिहासिक, धार्मिक स्थलहरु, देवालय, शिवालय, गुम्बाहरुको संरक्षण र सम्वर्द्धन गरी थप प्रचारप्रसार गरि पर्यटनसंग जोड्ने नीति लिईने छ।
- पर्यटकीय सुचना केन्द्र खडा गरि बन्दिपुर भीत्रिएका पर्यटकहरुको विवरण Online राख्ने प्रणाली व्यवस्था गरी पुर्वाधार निर्माण गर्ने नीति लिईने छ।
- बन्दिपुर पर्यटन विकासमा विभिन्न समितिहरुलाई थप सक्रिय पारी पर्यटन पुर्वाधार, गतिशिलता र भविष्यसम्बन्धि कार्यक्रमहरुमा थप उत्तरदायि पर्ने नीति लिईने छ।
- सहासिक पर्यटनका केहि खेल जस्तै साईकल मार्ग, पद मार्ग, रक क्लाईविङ्ग आदीको पुर्वाधार विकास गर्ने नीति लिईने छ।
- विभिन्न जातजाती तथा समुदायमा रहेका संस्कृतिक महत्त्वका सम्पदा प्रवर्दन गरि प्रत्यक्ष स्वरोजगारमा टेवा पुग्ने गरि पर्यटन विकासमा जोडिने छ।
- जीविकोपार्जन र रोजगारीको अवसर बृद्धि गर्ने कृषि पर्यटन, शैक्षिक पर्यटन, धार्मिक पर्यटन, खेल पर्यटन, ग्रामिण पर्यटन, सँस्कृतिक एवं प्राकृतिक पर्यटन व्यवसायको विविधीकरण तथा विस्तारमा जोड दिइने छ ।
- सम्भावित पर्यटकीय एवं सास्कृतिक क्षेत्रहरुको पहिचान र विकास गरी दिगो आर्थिक विकास र रोजगारीको सृजना गर्दै लगिने नीति लिइनेछ ।
- पर्यटकीय प्रवर्दनका लागि बन्दिपुर गाउँपालिका भित्र विभिन्न वडाहरुमा तालहरुको निर्माण गरि जल विहारको आनन्द प्रदान गर्ने नीति लिइने छ ।

- गाउँपालिका भित्र रहेका सम्पूर्ण पर्यटकीय सम्पदा समेटिने भ्रमण पुस्तिका प्रकाशन गरिने छ ।
- पर्यटन प्रवर्दनका विभिन्न महोत्सवहरु सञ्चालनमा सहयोग पुर्याइने छ । खुला तथा आन्तरिक डुम्रे-बन्दिपुर मिनि म्यारथन कार्यक्रमहरुलाई निरन्तरता दिइने छ भने महिला मिनी म्यारथनको समेत आयोजना गरिनेछ । साथै खुला साईकलिङ, माउटेन्ट वाईक जस्ता प्रतियोगिताको आयोजना सँचालन गरिनेछ ।
- विकास प्रक्रियामा समेट्न नसकिएका महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक लगायत विपन्न समूहरुलाई समेत पर्यटन व्यवसायबाट प्राप्त लाभको बाँडफाँड गर्न समावेशी सिद्धान्तको अवलम्वनका साथै उपयुक्त संरचना निर्माण र विकास गरिनेछ ।

# (ख) सामाजिक विकास

## शिक्षा

- कोरोना भाइरस महामारीको कारण पठनपाठनमा सृर्जना भएको अबरोधलाई मध्यनजर गरी भर्चुअल कक्षा संञ्चालन, अनलाईन शिक्षा तथा रेडियो एवं टेलिभिजन मार्फत वैकल्पिक शिक्षा सँञ्चालन गरी नयाँ शैक्षिक वर्षको पठनपाठन अगाडी बढाईनेछ।
- आधारभुत बाल बिकास केन्द्र तथा लक्षित समूहका बालबालिकाहरुको पहुच बढाउन विभिन्न प्रोत्साहनका कार्यक्रमहरु ल्याउने नीति अपनाइनेछ।
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाहरुको साझेदारीमा बालबालिकाको हित र कल्याणको लागी सहयोगात्मक र प्रबर्द्धनात्मक कार्यक्रमहरु संञ्चालन गर्ने नीति लिइनेछ।
- सामुदायिक विद्यालयहरुको पूर्वाधार विकासमा जोड दिने नीति लिईनेछ ।
- गाउँपालिका क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरु मध्ये कम्तिमा १ विद्यालयलाई प्राविधिक विद्यालय र १ विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्ने नीति लिईनेछ।
- प्राविधिक विषय राखि विद्यालय संञ्चालन गर्ने विद्यालयलाई प्रोत्साहन गर्ने नीति लिईनेछ।
- विद्यालय पहुँच भन्दा बाहिर रहेका, बीचैमा कक्षा छाड्ने बालबालिकालाई विद्यालय भित्र्याउन आवश्यक पहल गर्ने नीति लिइनेछ।
- गैरसरकारी संस्था मार्फत वालबालिकाहरुलाई खाजाको व्यवस्था गर्ने गराउने नीति लिईनेछ।
- ससर्त कार्यक्रम मार्फत विद्यालय तहमा अध्ययन गर्ने बालबालिकालाई छात्रवृत्री उपलब्ध गराउने नीति लिईनेछ।
- कम्तिमा ३ महिनाको १ पटक विद्यालयहरुको अनुगमन गरी विद्यालयलाई प्रवर्द्धन गर्ने नीति लिईनेछ।.
- सबै आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुमा ईन्टरनेट जडान गरिने छ।
- सबै कम्प्युटर विज्ञान / शिक्षा विषयमा निशुल्क र खुला स्रोतमा आधारित कम्प्युटर हार्डवोयरस्, सफ्टवोयर्स र खाका (Free Open Source Hardware/Software/Framework)लाई प्रवर्द्धन हुने गरि पठ्यक्रम विकास गरि प्रयोगमा ल्याउने नीति लिईने छ।
- गाउँपालिकाको सवै वडाहरुमा सामुदायिक सिकाई केन्द्र संञ्चालन गर्दै लगिनेछ।

## स्वास्थ्य

- कोभिड-१९ महामारी लगायत संक्रामक रोग रोकथाम, नियन्त्रण र उपचारको लागि गुणस्तरीय स्वास्थ्य सेवा, औषधि एवं उपकरण र चिकित्सक तथा स्वास्थ्यकर्मीको सेवा विस्तार गरिनेछ।
- कोरोना संक्रमणलाई समुदायमा थप विस्तार हुन नदिन परिक्षणको दायरा बढाउने, क्वारेन्टिन केन्द्रहरुको स्थापना गर्ने र नागरिकमा उत्पन्न भएको मनेवैज्ञानिक त्रासलाई न्यूनीकरण गर्न आवश्यक पहल गरिनेछ।
- जनस्वास्थ्यसँग सम्बन्धित प्रतिरोधात्मक, निदानात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक तथा निरोधात्मक स्वास्थ्य सेवाहरु प्राथमिक स्वास्थ्य सेवाको सिद्धान्तअनुसार संञ्चालन गरिनेछ। संञ्चालनमा रहेको अत्यावश्यक स्वास्थ्य सेवालाई विस्तार गरिनेछ।
- आधारभुत स्वास्थ्य सेवामा सबैको सहज पहुँच बढाउनका लागि गाउँपालिका, निजी तथा गैरसरकारी निकायहरुबाट एकीकृत रुपमा विशेष कार्यक्रमहरु संञ्चालन गरिनेछ।
- स्वास्थ्य सेवाबाट बञ्चित गाउँवासी, समुदाय (आदिवासी/जनजाती, दलित, अपाङ्ग, जेष्ठनागरिक) लाई लक्षित गरी स्वास्थ्य सम्बन्धी चेतनामुलक र विशेष लक्षित कार्यक्रमहरु संञ्चालन गर्ने नीति लिईनेछ।
- महिला स्वास्थ्य (प्रजनन् स्वास्थ्य) र बाल स्वास्थ्य-खोप पोषणमा थप जोड दिइने छ।
- स्वास्थ्य विमा गराउन सबै गाउँपालिकाबासीलाई सचेतनामूलक कार्यक्रम संञ्चालन गरिनेछ।
- गाउँघर क्लिनिक मार्फत आम नागरिकहरुको टोलमा पुगी प्रेसर, सुगर लगायतका स्वास्थ्य परीक्षण गर्ने नीति लिईनेछ।
- स्वास्थ्य स्वयंमसेविकाहरुको दक्षता बृद्धि गर्न पुनर्ताजकी तालिम दिइनेछ। ५० बर्ष उमेर पुरा गरेका पुराना स्वयंमसेवीकाहरुलाई विदाई गर्ने नीति लिइनेछ र पाँच बर्ष नाघेका स्वयंसेविकालाई सम्बन्धित वडाको सिफारिश मार्फत नवीकरण गर्ने नीति लिईनेछ।
- दुर्गम गाउँहरुमा स्वास्थ्य शिविर संञ्चालन गर्ने नीति लिईनेछ।
- धरमपानी स्वास्थ्यचौकीबाट ल्याब सेवा उपलब्ध गरिसकेको र आ.व. २०७७|०७८ मा X-ray मेसिन पनि संचालन गरिने छ।
- अझै पनि बिरामी हुँदा अस्पताल डाक्टरकहाँ जानु भन्दा पुजापाठ गर्ने, धामी झाक्रिकोमा जाने परम्परा छ। त्यसलाई निरुत्साहित गर्न सचेतनामूलक विभिन्न कार्यक्रमको आयोजना गरिनेछ।
- १ वार्ड १ स्वास्थ्य चौकीमा भईरहेको स्वास्थ्य सेवालाई विस्तार गर्ने नीति लिइनेछ।
- अस्पतालमा सुरक्षित प्रसुतीका लागि प्रोत्साहन गर्न एक वर्थिङ्ग सेन्टर एक ओईटिङ रुमको व्यवस्था गर्ने नीति लिईनेछ।
- गाउँपालिकाको केन्द्रमा रहेको बन्दिपुर अस्पतालमा अप्रेशन सेवाको क्षेत्रधिकार थप गरिने नीति लिईने छ।
- बन्दीपुर गाउँपालिकामा एम्बुलेन्स सेवा विस्तार गरी आम जनताहरुमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने नीति लिईनेछ।
- बन्दीपुर अस्पताललाई १५ शैयाबाट ५० शैयाको अस्पतालमा स्तरोन्नति गर्ने निति लिईनेछ।
- स्वास्थ्य चौकीहरुमा टेलिमेडिसिन तथा दुर चिकित्सा पद्दति मार्फत आधारभुत स्वास्थ्यसेवा उपलब्ध गराईने नीति लिईनेछ।

## खानेपानी तथा सरसफाई

- खानेपानी सुबिधा नपुगेका ठाउँमा जनताको पहुँच विस्तारका साथै खानेपानीको गुणस्तरमा समेत ध्यान दिइनेछ।
- ठूला खानेपानी आयोजना मार्फत बन्दीपुर बजार र घनाबस्ती भएका डुम्रे बजार र वरपरको क्षेत्रलाई हुने गरी DPR गरिनेछ र खानेपानीको पर्याप्त व्यवस्थापन गरिनेछ।
- एक घर एक धाराको सरकारी नीतिलाई गाउँपालिकाको हकमा समेत आत्मसाथ गर्दै जाने नीति लिईनेछ।
- सरसफाई कार्यक्रमलाई खानेपानी आयोजनाको अभिन्न अङ्गको रुपमा संञ्चालन गरिनेछ। गाउँक्षेत्रको सरसफाइ कार्यलाई तिब्रता र निरन्तरता दिइनेछ।

- फोहरमैला व्यवस्थापनको लागि फोहरलाई कुहिने र नकुहिने फोहरमा वर्गिकरण गरी व्यवस्थापन गर्न सचेतनामूलक कार्यक्रम संञ्चालन गरिनेछ।

## महिला

- महिलाहरुको क्षमता अभिवृद्धिको लागि आधुनिक सीप तथा तालिम लगायतका कार्यक्रम संञ्चाल गरिनेछ।
- महिलाहरुको आयमा बढोत्तरी हुने खालका चेतनामुलक तथा सीपमुलक कार्यक्रम र क्षमता विकासका कार्यक्रमहरु संञ्चालन गरिनेछ।
- महिला हिंसा तथा महिलालाई गरिने दुर्व्यवहार रोक्न शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।
- महिलालाई समूह समिति गठन गरी सहकारीमा आबद्ध गराइने नीति लिईनेछ।
- एकल महिलालाई सहकारीमा आबद्ध गराई सहकारीमा माध्यमबाट विभिन्न चेतनामूलक कार्यक्रम संञ्चालन गरी समाजमा आत्मसम्मानका साथ बाँच्न र आय आर्जन गरी छोराछोरीको शिक्षादिक्षाका लागि न्यूनतम ब्याजदरमा ऋण उपलब्ध गराउने नीति लिईनेछ।

## बालबालिका

- बालमैत्री स्थानीय शासनको अबधारणा तथा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी "बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि-२०६८" लाई आत्मसाथ गरी यस बन्दीपुर गाउँपालिकालाई पूर्ण रुपमा बालमैत्री स्थानीय तहको रुपमा स्थापित गराउने उद्देश्य लिईनेछ।
- आ.व. २०७६/७७ देखि कार्यान्वयनमा ल्याईएको बालमैत्री स्थानीय शासन कार्यक्रमलाई क्रमशः कार्यान्वयन गर्दै लैजाने नीति अनुरुप यस बर्षमा पनि निरन्तरता दिईनेछ।
- बालबालिकालाई सबै किसिमका दुर्व्यवहार, यातना, अपहरण र भेदभावमुक्त बनाउन आवश्यक पहल गरिनेछ।
- सार्वजनिक विद्यालयहरुमा अध्ययनरत विपन्न बालबालिकाहरुको स्वास्थ्य तथा पोषण सम्बन्धि विशेष लक्षित कार्यक्रम संञ्चालन गर्ने नीति लिइनेछ।
- सार्वजनिक विद्यालहरुमा बालक्लब गठन गरिनेछ। बालक्लब गठन भईसकेकाहरुका लागि निरन्तरता दिईनेछ। हरेक विद्यायको व्यवस्थापन समितिको बैठकमा बाल क्लवबाट १ जना बालक र १ जना वालिकालाई आमन्त्रित सदस्य रुपमा आमन्त्रण गर्नुपर्ने नीति अवलम्बन गरिनेछ।
- वालश्रम न्यूनीकरणको नीति लिईनेछ।
- "बिहेवारी २० बर्ष पारी" भन्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ।
- बालक्लवहरुलाई सचेतनामूलक कार्यक्रम सञ्चालन गरी बालक्लव मार्फत बालविवाह न्यूनीकरणका लागि पहल गरिनेछ।
- बालबालिकाको हितको निम्ति बालकोष खडा गरिनेछ।
- गाउँपालिका अध्यक्षसँग बालबालिका कार्यक्रम लाई निरन्तरता दिई बाल अधिकारको सुनिश्चितता दिने नीति लिईनेछ।

## अपाङ्गता भएकाहरु

- विश्वव्यापी मापदण्ड अनुरुप सडक, यातायात, सार्वजनिक स्थल, सरकारी भवन, अस्पताल र विद्यालयहरु अपाङ्गमैत्री बनाउदै लगिनेछ।

- सामाजिक आर्थिक पूर्वाधारहरुको विकास गरी अपाङ्गता भएका व्यक्तिहरुको लागि स्वतन्त्र, स्वावलम्बी र मर्यादित जीवनयापनका अवसरहरुको सिर्जना गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरणका लागि उनीहरुका संस्थाहरु तथा सरकारी एवं राष्ट्रिय/अन्त्रराष्ट्रिय गैरसरकारी संस्थाहरुबीच अन्तरसम्बन्ध, सहकार्य, सहयोग र समन्वयलाई सुदृढ बनाईने नीति लिईनेछ।
- अपाङ्गता भएकाहरुको तथ्याङ्क अद्यावधिक गरी अपाङ्गताको प्रकृतिका आधारमा कार्ड वितरण गरी आवश्यक सहयोग गर्ने नीति लिईनेछ।
- अपाङ्गता भएका गाउँपालिकामा सुचिकृत व्यक्तिहरुलाई बन्दिपुर अस्पतालको टिकट र प्रयोगशाला शुल्क निशुल्क गरिने छ।

## युवा तथा रोजगारी सम्बन्धी नीति

- संघ र प्रदेश र स्थानीय तहश्रमको सम्मान, रोजगारीको अवसर, स्वरोजगार, श्रम व्यवस्थापन र सामाजिक संरक्षणका लागि निम्नानुसारका रोजगारी सम्बन्धी नीतिहरु अबलम्वन गरिनेछ ।
- बेरोजगार युवाहरुलाई स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गरि युवाहरुको विदेश पलायनदरलाई न्यूनीकरण गर्न साथै विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस संक्रमणका कारण रोजगारी गुमाएका तथा बैदेशिक रोजगारीबाट फिर्ता भएका युवाहरुलाई उनीहरुले विदेशमा सिकेको ज्ञान, सीप र दक्षताको उपयोग गर्न **"गाउँ प्रमुखसँग रोजगार कार्यक्रम"** संञ्चालन गरिनेछ।
- गाउँपालिकामा उपलब्ध हुने स्रोत तथा साधनलाई एकिकृत गरि प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा गाउँ प्रमुखसँग रोजगार कार्यक्रम सञ्चालन गरिनेछ।
- रोजगार सेवा केन्द्रमा सुचीकृत बेरोजगारहरुलाई रोजगारीको हक सम्बन्धी ऐन, २०७५ बमोजिम न्यूनतम रोजगारीको व्यवस्था गर्नका लागि **रोजगार कोषको स्थापना** गरिनेछ ।
- निर्माण व्यावसायी ठेकेदारबाट सम्पन्न गरिने सार्वजनिक निर्माण कार्यमा रोजगार सेवा केन्द्रमा सुचीकृत बेरोजगारहरुलाई संलग्न गराउन प्राथमिकता दिनुपर्ने प्रचलित कानूनको कार्यान्वयनमा उचित व्यवस्था गरिनेछ ।
- स्थानीय तहमा स्थापना भएको रोजगार सेवा केन्द्रलाई **श्रम बैंकको** स्थापना गरिनेछ रुपमा उपयोग गरी रोजगार सेवा केन्द्र र बिभिन्न रोजगार प्रदायक संघ संस्था, बित्तीय संस्था, गैर सरकारी संस्था तथा सरोकारवाला निकाय बिच समन्वय गराई सार्वजनिक पूर्वाधार निर्माण, कृषि उत्पादन, उद्योग, कलकारखाना, बित्तीय क्रियाकलाप, सामाजिक विकास आदिको क्षेत्रमा रोजगारीको सिर्जना गरिनेछ ।
- बेरोजगारहरुको ज्ञान सिप योग्यता अनुभव र बजारको मागको आधारमा आवश्यक पर्ने सिप तथा क्षमता विकास तालिमको पहिचान गरि सम्बन्धित तालिम केन्दमा सिफारिस गरिनेछ
- युवा तथा बेरोजगारहरुलाई प्राथमिकतामा राखी दिगो रुपमा कृषि उत्पादन, उद्यम विकास तथा स्वरोजगारमुलक कार्यमा स्थापित गराउन कृषक तथा उद्यमीहरुले उत्पादित बस्तुको बजार व्यवस्थापन तथा बजार मुल्य सुनिश्चितताको लागि आवश्यक समन्वय, सहयोग तथा सहजीकरण गरिनेछ ।
- कामको सम्मान,स्वरोजगार उपयुत पारिश्रमिक र सामाजिक सुरक्षा सहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति हुनेछ ।
- विदेश पलायन हुने युवा सोचलाई निरुत्साहित गरी नमूनाको रुपमा युवा व्यवसायिक कृषक उत्पादन गरी कृषि पशु क्षेत्रका विभिन्न व्यवसाय गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ।
- युवाहरुको शिक्षा, तालिम, रोजगारीलाई विशेष ध्यान दिइनेछ। युवाहरुलाई गाउँ भित्रनै आफ्नो भविष्य छ भन्ने भावनाजागृत गराउन एवं आफ्नो श्रम र सिपको सदुपयोग गर्न प्रोत्साहित गर्ने नीति लिईनेछ।
- युवाहरुको सर्वाङ्गीण व्यक्तित्व विकासका लागि खेलकुदमा सहभागी हुन प्रेरित गरिनेछ।
- युवा खेलाडीहरुलाई प्रोत्साहन गर्न गाउँपालिकाकप रनिङशील्ड भलिवल प्रतियोगिता (वडास्तरीय) कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- खुल्ला बन्दीपुर दौड प्रतियोगिता कार्यक्रमलाई निरन्तरता दिईनेछ।

- कोभिड -१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार, विपद् व्यवस्थापन र मानवीय सेवामा युवाहरुलाई परिचालन गर्ने नीति लिईनेछ।

### जेष्ठ नागरिक

- ज्येष्ठ नागरिकहरुलाई लक्षित गरी ज्येष्ठ नागरिक भत्ता लगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालन र व्यवस्थापन गरिनेछ।
- ज्येष्ठ नागरिकहरुको ज्ञान, सिप र अनुभवलाई सदुपयोग गर्दै जाने नीति लिईनेछ।
- गाउँघर क्लिनिक मार्फत ज्येष्ठनागरिकहरुको स्वास्थ्य परीक्षण गर्ने नीति लिईनेछ।
- ज्येष्ठ नागरिकहरुलाई सम्मान गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- गाउँकार्यपालिकाको कार्यालयमा ज्यष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संञ्चालन गरिनेछ र आगामी वर्षहरुमा यसलाई क्रमशः वडाहरुमा समेत विस्तार गरिनेछ।

### कोरोना राहत कार्यक्रम

- कोरोना भाइरस संक्रमण रोकथाम र नियन्त्रणका लागि गरिएको बन्दाबन्दीको कारण दैनिक जीवनयापनमा परेको प्रतिकुल प्रभावलाई सहज बनाउन गाउँपालिकाले ल्याएको राहत कार्यक्रमलाई संक्रमण जोखिम रहदासम्म निरन्तरता दिईनेछ।
- असंगठित क्षेत्रमा दैनिक ज्यालादारीमा काम गर्ने श्रमिकहरुलाई लक्षित गरि ल्याईएको “श्रममा आधारित राहत कार्यक्रम” लाई कोरोना महामारीको जोखिम रहेसम्म निरन्तरता दिईनेछ।
- मानव सभ्यतालाई चपेटामा परि विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस ( कोभिड -१९) संक्रमणबाट नेपाल पनि अछुतो रहन नसकेको सन्दर्भमा सिथिल बनेको अर्थतन्त्रलाई पुन: गतिशिल एवं चलायमान बनाउनेको लागि सम्पुर्ण आर्थिक गतिविधिहरुलाई प्रोत्साहन गर्न विशेष नीति लिईने छ।

## (ग) पूर्वाधार विकास

### भौतिक पूर्वाधार

- गाउँपालिका केन्द्रलाई जिल्ला सदरमुकामसम्म र गाउँपालिकाको केन्द्रबाट वडा केन्द्र जोड्ने सडकहरु निर्माण, स्तरउन्नति तथा कालोपत्रे गर्न प्राथमिकता दिईने छ।
- समुदायबाट पहिचान गरिएका भौतिक पूर्वाधारका क्षेत्रहरुको निर्माणमा जोड दिइनेछ ।
- सार्वजनिक तथा निजि क्षेत्रबाट सचालन गरिने हरेक खालका विकास निर्माण तथा सेवा प्रक्रियामा वातावरण संरक्षण तथा प्रवर्दनमा विशेष जोड दिइने छ । सावजनिक सडकको दायाँ बाँया वृक्षारोपण गर्ने नीति लिइनेछ ।
- पूर्वाधारको विकास एवं निर्माण गर्दा आर्थिक तथा सामाजिक रुपले पछाडी परेका वर्ग समुदाय जाती र क्षेत्र लाभान्वित हुने गरि सन्तुलन कायम गर्न नीति लिईनेछ ।
- गाउँपालिका भित्रका रणनीतिक सडकहरुको पहिचानको लागि आवश्यक मापदण्डहरु तय गरि सबैखाले सडकहरु मापदण्ड भित्रको जग्गा लगत कट्टा गर्दै जाने नीति लिईनेछ । साथै गाउँपालिका भित्रका सडक र आयोजनाहरूको अभिलेख तयार गरिनेछ ।
- हरेक वर्षको चैत्र मसान्तभित्र पूर्वाधार तर्फका आयोजनाहरु सम्पन्न गराउने नीति लिईनेछ । आफ्नो वडाभित्रका सबै योजनाहरुको सबैभन्दा पहिला उपभित्ता समिती गठन, सम्झौता र सम्पन्न गराउने वडालाई आगामी बर्ष दिईने बजेट रकममा थप अंक प्रदान गरिने नीति लिईनेछ।
- रोलर, डोजर, एक्साभेटर, विटुमिन प्रयोग हुने योजनाहरु ठक्का प्रकृयाबाट गर्ने र उपभोक्ता समितिको नगद लागत सहभागिता हुने र वास्तविक जनसहभागिता जुट्ने योजनाहरु उपभोक्ता समितीमार्फत गर्ने नीति लिईनेछ।

## बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी नीति

- यस गाउँपालिकाको वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभुत मापदण्डलाई परिस्कृत गरी कडाका साथ कार्यान्वयन गरिनेछ।
- भूकम्प प्रतिरोधी भवन निर्माण आचार संहितालाई प्रभावकारी रुपमा सञ्चालन गर्दै लगिनेछ।
- सरकारी भवनहरु निर्माण गर्दा अपाङ्गमैत्री भएमा मात्र नक्सा पास गर्ने नीति लिइनेछ।
- नक्शा पास गर्ने गराउन र भू-कम्प प्रतिरोधी भवन बनाउन आवश्यक तालिम र सचेतनामूलक कार्यक्रम संञ्चालन गरिनेछ।
- सडक मापदण्डलाई कडाइका साथ कार्यान्वयन गर्ने नीति लिईनेछ।
- बन्दीपुर बजार संरक्षण मापदण्डलाई कडाइका साथ कार्यान्वयन गरिनेछ।
- ऐतिहासिक साँस्कृतिक महत्व बोकेका बस्तिहरुको संरक्षण एवं प्रवर्द्धन गर्ने नीति लिईनेछ।

## सुचना प्रविधि

- एक वडा एक सूचना केन्द्र स्थापना गरिने छ ।
- आगामी आ.व.मा गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुबीच ईन्टरनेटमा आधारित रिपोर्ट पेश गर्ने र स्वीकृति गर्ने अभ्यासलाई थप चुस्त बनाउन सफ्टवेयर र हार्डवयरमा जोड दिईने छ।
- गाउँपालिकाको केन्द्र र वडा केन्द्रमा (टेलिफोन र इन्टरनेटको) सिधै सञ्चार सञ्जाललाई बैकल्पिक प्रविधि सहित थप चुस्त बनाईने छ।
- समुदायमा आधारित रेडियो प्रणाली ( Walkie Talkie ) लाई गाउँपालिकामा हुने कार्यक्रमहरुमा थप प्रभावकारी रुपमा प्रयोग गरिने छ।
- सवै आधारभुत तह स्तरको विद्यालयहरु, स्वास्थ्य केन्द्रहरु र सरकारी निकायहरुमा Broadband Internet को पहुच पुऱ्याउने नीति लिईने छ।

## उर्जा र बैकल्पिक उर्जा

- राष्ट्रिय तथा शाखा लाइनको विस्तारका लागि बजेटको व्यवस्था गरिनेछ ।
- लघु जलविधुत, पेल्ट्रिसेट हाइड्रोपावर तथा सौर्य उर्जाको माध्यमबाट उज्यालो बन्दीपुरको नीतिलाइ निरन्तरता दिइनेछ ।
- बैकल्पिक उर्जाको उपयोगलाइ प्राथामिकता दिने नीति लिइनेछ ।
- साना जलबिधुत आयोजनाको र्निमाण र उपयोग सम्वन्धमा अध्ययन गर्दै जाने नीति लिइनेछ ।

## (घ) वातावरण तथा विपद व्यवस्थापन

### वन

- नाङ्गा डाँडाहरुमा वृक्षारोपण गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- बन क्षेत्रमा उपलब्ध हुने अम्रिसो, कुरीलो, लप्सी, वेदबाँस, मन्डुला, तेजपत्ता चिउरी जस्ता विभिन्न प्रजातिका रुख विरुवा एवं जडीबुटीलाई व्यवसायीक खेती तर्फ उन्मुख गरी आय आर्जनको माध्यम बनाउने नीति लिईनेछ।
- बन र बनक्षेत्रलाई व्यवस्थापन गरी आयमुलक क्षेत्रको रुपमा विकास गर्ने नीति लिईनेछ।
- बन, कृषि, भू तथा जलाधार संरक्षण, वातावरण आदि परस्पर सम्बन्धित विषयहरुमा एकीकृतरुपमा योजना सञ्चालन गर्ने नीति लिईनेछ।
- बन पैदाबरमा आधारित लघु उद्यम कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।
- समूहद्वारा बिरूवा उत्पादन गर्ने नीति लिइनेछ।
- निजी वन दर्ता गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ।
- बन क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरूमा उद्यान निर्माणको नीति लिइनेछ।
- व्यवसायिक रूपमा काठ दाउरा निकासी तथा वनजन्य जडिबुटी वा गैर काष्ठ वन पैदाबर बिक्री वितरणमा कर लगाउने नीति लिइनेछ।
- बन फँडानीलाइ निरूत्साहित गरी लोपोन्मूख वन्यजन्तु संरक्षणमा जोड दिने नीति लिइनेछ।
- हरीयो बढाउ सन्ततीलाई जोगाउ भन्ने नाराका साथ एक व्यक्ति एक रुख को नीतिलाई निरन्तरता दिईनेछ।
- क्षतिपूर्ति बृक्षारोपणलाई अनिवार्य गराईनेछ।
- एक व्यक्ति एक फलफूलको बिरूवाको नीतिलाई अघि बढाइनेछ।
- एक घर दुइ बिरूवाको नीतिलाइ नक्सापाससँग आबद्द गर्ने निरन्तरता दिइनेछ।
- बनमा डडेलो लगाउन प्रतिवन्ध लगाइनेछ। डडेलो लगाउनेलाइ कडा कारबाही गरिनेछ। डडेलो लगाउने व्यक्तिको पहिचान गरी सूचना गर्ने व्यक्तिलाई गोप्य रूपमा पुरस्कृत गरिनेछ।
- बन्यजन्तुहरूको चोरी निकासीको कार्यलाई निरूत्साहित गरिनेछ।
- आफ्नो पानी आफ्नै लगानी अन्तर्गत विपन्न वर्गमा ईण्डक्सन चुलो वितरण गर्ने नीति लिईने छ।

### सार्वजनिक जग्गा संरक्षण

- गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि विशेष पहल गरिने छ। गाउँपालिका क्षेत्र भित्रका ऐलानी/प्रतिजग्गाको लगत लिई संरक्षणको कार्यलाई अगाडि बढाईने छ र ऐलानी/प्रति जग्गाको उपयोग गरी आय आर्जनको रुपमा परिमाण गर्न योजना र कार्यक्रमहरु बनाई कार्यान्वयन गरिने छ। साथै सारकारी जग्गाहरुको समेत लिई व्यवस्थित गरिने छ। सार्वजनिक जग्गामा बनेका घर, भवन, सटर, टहरा, घुम्ती, जग्गा जमिनहरुलाई गाउँपालिकाको दायरामा ल्याउने नीतिलाई निरन्तरता दिईने छ।

### वातावरण

- पानीको स्रोतको दिगोपनाको लागि पुराना कुवा मुहान तथा पोखरीहरूको मर्मत सम्भार एवं संरक्षणका साथै पुनर्भरण पोखरी (Recharge Pond) बनाउने कार्यलाइ जोड गर्ने नीति लिइनेछ ।
- नेपाल सरकारले तयार गरी लागु गरेको वातावरणमैत्री स्थानीय शासनको प्रारुप अनुरुप सम्बन्धित कार्यक्रमहरु संञ्चालन गर्दै लगिनेछ।
- प्राकृतिक वातावरणको संरक्षण, पुनःस्थापना र दीगो उपयोगमा जोड दिईनेछ।
- पानीको मुहान तथा पोखरीहरुको संरक्षण गरी रिचार्ज सिस्टममा ध्यान पुर्याईनेछ।
- वातावरण व्यवस्थापनको लागि संस्थागत विकास गर्ने विभिन्न निकायहरुको भूमिका र जिम्मेवारीमा स्पष्टता ल्याई पूर्वाधार विकास कार्यलाई वातावरण मैत्री बनाईनेछ।

### विपद् व्यवस्थापनः

- बाढी पहिरो आगलागी लगायतका प्राकृतिक प्रकोपबाट जनधनको क्षति भएकाहरुका परिवारका लागि खोज उद्दार राहतको सेवा उपलब्ध गराइने नीति लिइनेछ ।
- विपद् व्यवस्थापनमा सुरक्षा निकाय, टोल विकास संस्था, गैससको सहयोग लिने नीति लिईनेछ ।
- क्षतिको मूल्यांकनका आधारमा न्यूनतम राहत उपलब्ध गराइने नीतिलाई निरन्तरता दिइनेछ ।
- यस गाउँपालिकाको वडाहरु नं. ५ चट्याङ्ग गई मानवीय क्षति हुने कार्यलाई नियन्त्रण गर्न संभाब्य क्षेत्रको अध्ययन गरी अर्थिङ्ग लाईनिङ्ग एरेष्टर राखीनेछ ।
- बन, वातावरण र विपद् व्यवस्थापन क्षेत्रमा लगानी गर्ने नीति लिइनेछ।
- जलचर र थलचरहरुको संरक्षणका लागि करेन्टलगाई माछा मार्ने, विषादी प्रयोग गर्नेहरुलाई कडा कारबाही गर्ने नीति लिईनेछ ।

## (ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

### कार्यालय व्यवस्थापनः

- कार्यालय भवन नबनेका वडा कार्यालयहरुका लागि यथाशिघ्र भवन बनाइनेछ । भएका वडा कार्यालयहरुलाई अझ व्यवस्थित र सेवाग्राही मैत्री बनाइने छ । हाल निर्माणाधिन वडाकार्यालयहरुलाई निरन्तरता दिने नीति लिइनेछ ।
- गाउँपालिकाबाट तोकिएको समयभित्र तोकिएको कार्य गर्ने , तोकिएको मितिमा बडाको बैठक बस्ने, मासिक रिपोर्ट बुझाउने, वडाध्यक्ष र वडासचिवले आफु बिदामा बस्नु अघि माथिल्लो तहबाट स्वीकृति लिने, वडाध्यक्षले ३ दिनभन्दा बढी बिदामा बस्दा वडा सदस्यलाई कार्यवाहक दिने, कार्यालयमा उपस्थित कर्मचारीले पोशाक लगाउने, सम्वन्धित वडाका जनप्रतिनिधि वा कर्मचारीको नाममा बेरूजु वा तिर्नु बुझाउनु पर्ने रकम नभएमा प्रत्येक शिर्षकका आधारमा आगामी बर्ष वडामा दिइने बजेटमा प्रति शिर्षक दरले थप अनुदान दिइने गर्ने नीति लिइनेछ ।
- वडा सचिव लगायतका वडा र गापाका कर्मचारीलाइ तालिमको निरन्तरता दिइनेछ ।

## सुचना प्रविधि

- बन्दिपुर गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेको सम्पुर्ण विषयगत शाखाहरुको  तथ्याङ्क व्यवस्थित र सुरक्षित राख्नको लागि Cloud मा आधारित स्थानीय तथ्याङ्क व्यवस्थापन प्रणालीको व्यवस्था गरि अभ्यास सुरु गर्ने नीति लिईने छ।
- बन्दिपुर गाउँपालिकाको Online राजस्व व्यवस्थापन प्रणालीलाई चुस्त र प्रभावकारी बनाई Disaster Recovery प्रणालीमा पनि आवद्द गरिने नीति लिईने छ।
- बन्दिपुर गाउँपालिकाको अडियो नोटस बोर्ड सेवालाई चुस्त राखिने नीति लिईने छ।
- सुचना प्रविधिमा आधारित प्रणालीहरु एक द्वार प्रणाली मार्फत व्यवस्थापनको नीति लिईने छ।
- यस गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा Digital हाजिरि व्यवस्थापन प्रणालीको अभ्यास गर्ने नीति लिईने छ।
- बन्दिपुर गाउँपालिकाको दैनिक प्रशासनीक कार्यहरुमा निशुल्क र खुला स्रोतमा आधारित सफ्टवोर्य (Free Open Source Software and Framework) प्रयोगमा प्रोहोत्साहन गरिने नीति लिईने छ।
- बन्दिपुर गाउँपालिका र अन्तर्गतमा निकायहरुलाई प्रविधि

## राजस्व सम्बन्धी नीतिहरु

- आन्तरिक आयका नयाँ र स्थायी स्रोतहरुको खोजी गरिने नीति लिईनेछ।
- "व्यवसाय कर, सम्पति कर जस्ता करहरु तिरी गाउँपालिकाको विकासमा मैले पनि योगदान गर्नुपर्छ" भन्ने मान्यताको विकास गराउने नीति लिईनेछ।
- अनलाईन सिष्टमबाट राजश्व संकलन गर्ने नीतिलाई निरन्तरता दिईनेछ। आगामी बर्ष सबै वडामा अनलाईनको प्रभावकारी सेवा स्थापना गर्न विशेष पहल गरिनेछ।
- राजश्व असुलीमा संलग्न कर्मचारीको मनोबल उच्च गराउन आवश्यक उत्प्रेरणात्मक नीति लिईनेछ।

## पेश्की /बेरुजु फछ्यौंट सम्बन्धी नीतिहरु

- उपभोक्ता समितिलाई पेश्की दिने कार्यलाई निरुत्साहित गरिनेछ।.
- हालसम्मको बेरुजुलाई यकीन गरी फर्छौट गर्न गराउन लेखा समितिलाई सक्रिय गरी कार्य अघि बढाइनेछ ।
- पुरानो पश्की फछयौट बाँकी रहेका व्यक्ति वा संघसंस्थाहरुलाई अबिलम्ब पेश्की फछयौट गराउन आवश्यक पहल गरिनेछ।
- हालसम्मको बेरुजुलाई शून्यमा झार्ने नीति लिईनेछ।

## लेखापालन तथा लेखा व्यवस्थापन सम्बन्धी नीति

- लेखा व्यवस्थापन तथा लेखापालनलाई मित्तव्ययी र प्रभावकारी बनाइनेछ।
- सार्वजनिक खर्चको मित्तव्ययीतालाई विशेष ग्राहयता दिईनेछ।
- गाउँपालिकाको आय व्यायलाई मासिक रुपमा सूचना पाटी तथा वेवसाईटमा सार्वजनिक गरिनेछ।

## कर्मचारी प्रशासन

- कर्मचारीको मनोवल उच्च पार्ने नीति लिईनेछ। कार्यालयको हीत र आन्तरिक आयमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई उत्कृष्ट कर्मचारी घोषणा गर्न आवश्यक मापदण्ड तयार गरिने छ।
- कर्मचारीलाई सेवाप्रति लगनशील र कर्तव्यनिष्ठ बनाउन दण्ड र पुरस्कारको नीति कार्यान्वयनमा ल्याईनेछ।

## भ्रस्टचार निवारण कार्ययोजना

- गाउँपालिका कार्यालयलाई भ्रष्टाचारमुक्त र सदाचारयुक्त बनाउन आवश्यक पहल गरिनेछ।
- सुशासनका आधारभुत मान्यताहरुलाई आत्मसात गर्दै तद्अनुकुलको व्यवहर गर्दै लगिनेछ।.
- बन्दीपुर गाउँपालिका गाउँकार्यपालिका कार्यालय र यस अन्र्तगतका वडा कार्यालयहरुलाई देशकै उत्कृष्ट नमूना कार्यालय र अनुकरणीय गाउँपालिका बनाउन चालु आ.व. देखी नै आवश्यक कार्यको थालनी गरिनेछ।
- कार्यालयको उजुरीपेटीका मार्फत उजुरी गुनासाहरुलाई दैनिक रुपमा प्राप्त गरी फछ्यौट गर्दै जाने नीति लिईनेछ।
- गाउँकार्यपालिका कार्यालयमा सबै नागरिकहरुले  स्पष्ट देख्न र पढ्न सक्ने गरी डिजिटल नागरिक बडापत्र राखिनेछ।
- सेवाग्राहीहरुलाई सहजीकरण गर्नका लागि कार्यालयको मुखैमा हेल्पडेक्सको व्यवस्था गरिनेछ।
- गाउँपालिकाका वडाहरुमा अनलाईन घटना दर्ताको कार्यलाई आगामी आ.व. भित्र सबै वडाहरुमा विस्तार गरिनेछ।

# धन्यवाद